बेनीघाट रोराङ गाउँपालिका पन्ध्रौं अधिवेशनमा गाउँपालिका
अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) द्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८१/०८२

# नीति तथा कार्यक्रम

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
२०८१, असार ०७

# गाउँसभाका सदस्य ज्यूहरू

बेनीघाट रोराङ गाउँपालिकाको गरिमामय पन्ध्रौ गाउँसभामा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवान्वित महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा मुलुकमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै देश, लोकतन्त्र र अग्रगामी परिवर्तनका निमित्त लडेका घाईते योद्धा, अपाङ्ग, वेपत्ता नागरिक तथा परिवारजनप्रति प्रति उच्च सम्मान व्यक्त गर्दछु।

*"समृद्ध, समावेशी र सुखी बेनीघाट रोराङको आधारः कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, सुशासन र पूर्वाधार"* भन्ने दीर्घकालीन सोचलाई सार्थक बनाउन आ.व. २०८०/०८१ मा गाउँपालिकाले सामाजिक पूर्वाधार तर्फ विशेष गरी स्वास्थ्य र शिक्षा क्षेत्रमा उल्लेखनीय कार्य सम्पादन गरी यसै सभाबाट अनुमोदित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सफल भएको आभाष भएको बेहोरा यस गरिमामय सभामा व्यक्त गर्न पाउँदा हर्षित छु। वडा नं. ८ मा एकीकृत आवासीय विद्यालयको निर्माण कार्य तथा अन्य तयारी अन्तिम चरणमा पुगेको छ। अबका केही दिनमा उक्त आवासीय विद्यालय सञ्चालनमा आउनेछ। कुपोषण अन्त्यका लागि नेपालकै सम्भवत् पहिलो पोषण सुधार केन्द्रको थालनी गरेका थियौं। यसै आ.व. मा खानेपानी गुणस्तर प्रयोगशालाको स्थापना र सञ्चालन गरी हाम्रो पालिकामा मात्र होइन छिमेकी पालिकालाई समेत पानीबाट हुनसक्ने सरुवा रोगबाट बच्न र बचाउन सहयोगी सिद्ध भएका छौं। महिलाको आर्थिक सामाजिक सशक्तिकरणलाई सदैव पहिलो प्राथमिकतामा राखेका छौं। यसैगरी गुणस्तरीय शिक्षामा गरिब धनी जुनसुकै कोखमा जन्मेको बच्चाको पनि उतिकै हक हुने कुरा सुनिश्चित गर्न मरिमेटी लागि परेका छौं। शैक्षिक सुधार सदैव हाम्रो पहिलो प्राथमिकता थियो र रहनेछ। शैक्षिक वर्ष २०८१ लाई सिकाई सुधार वर्षको रुपमा मनाउने भएका छौं।

हामीले केही नियमित काम गरेका छौं तर अलिकति विशिष्ट ढंगबाट भने केही नमूना काम गरी उदाहरण समेत बन्न सफल भएका छौं।सुशासन र सेवा प्रवाहमा ख्याति नै कमाएका छौं। यस आ.व. को वार्षिक समीक्षा र कार्य प्रगति सार्वजनिक गर्ने कार्यक्रममा यस बारे थप जानकारी यहाँहरूलाई गराउने नै छौं। गाउँपालिकाको अभुतपूर्व कार्य सम्पादनको श्रेयको भागीदार यहाँ उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू हुनुहुन्छ। गाउँपालिकालाई देशकै नमूना र उदाहरणीय गाउँपालिका बनाउन यहाँहरूले आ-आफ्नो ठाउँबाट खेल्नु भएको भूमिकाको उच्च कदर गर्दछु। आगामी दिनमा समेत गाउँपालिकाको गतिविधि तथा कार्य सम्पादनलाई सूक्ष्म रुपले नियाल्दै र पृष्ठपोषण दिँदै पालिकालाई कमजोरी सच्याउँदै अगाडि बढ्ने रचनात्मक वातावरण यहाँहरूले सृजना गर्नुहुनेछ भन्नेमा म ढुक्क छु।

हामीले हुर्कदै गर्दा देखेको र बाँचेको समाज अहिले छैन। मर्दा र पर्दा अनि सामाजिक काममा जतिखेर जसको लागि पनि जुट्ने र गर्ने संस्कार र सामाजिक पुँजीको बिस्तारै क्षयीकरण हुँदै गएको छ। हिजो परिवर्तनको लागि ज्यानै आहुती गर्न तयार समाज आफ्नै घर र आँगन बनाउन पनि निष्कृय र उदासीन छ, सँगैको बारी र पाखामा निरासा बढी र आसा कम देख्दैछ। यसलाई निकै जोखिमयुक्त संकेतको रुपमा लिएको छु। त्यसैले अबका दिनमा जुनसुकै योजनामा अधिक मात्रामा जनश्रमदान र जनसहभागिताको सुनिश्चित गरेर मात्र विकास निर्माणको कार्य गर्ने पक्षमा हामी छौं। जहाँ समाज आफैं जागरुक र जाँगरिलो भएर जुट्दैनन्, त्यहाँ दिगो रुपमा विकास निर्माण कार्य सञ्चालन हुन नसकेको विगतको अनुभवबाट पाठ सिक्दै जुन ठाउँमा उपभोक्ता समिति साँच्चै नै ठेकेदार होइन उपभोक्ता बन्दछ, त्यहाँ मात्र श्रोत परिचालन गर्ने सवालमा हामी प्रष्ट छौं। गाउँपालिकाको यस मूल्य तथा मान्यताको सम्मान समुदायले पनि गर्नेछ र आफ्नो गाउँघर चोक र आफू हिंड्ने बाटो बनाउने दायित्व र कर्तव्य मेरो पनि हो भन्ने महसुस गर्नेछ भन्ने अपेक्षा लिएका छौं। हामी यसै समाजलाई प्रतिनिधित्व र अगुवाई गर्ने जनप्रतिनिधि भएको नाताले समाज गलत दिशामा अघि बढ्दा सहि बाटोमा फर्काउने जिम्मेवारी पनि बहन गर्न सक्नु पर्दछ।

आफ्नो पर्याप्त आन्तरिक श्रोत नहुनु र संघ र प्रदेशले खटाएर दिएको अनी राजश्व नउठ्दा कटाएको अनुदानको भरमा काम गर्न सहज र अनुमानयोग्य छैन। हाम्रा अनगिन्ति आवश्यकता र जटिलताको सम्बोधन गर्ने हैसियत यस प्रकारको अन्तर सरकारी वित्तीय हस्तान्तरणले राख्दैनन्।

समाजको परिवर्तन र अग्रगामी विकासको लागि व्यक्तिगत नाफा घाटा र हिसाब किताबबाट बाहिर निक्लिनु पर्नेछ। युवालाई आफ्नै ठाउँमा सम्भावना देख्ने बनाउनु छ। स्वास्थ्यमा सर्वसुलभ पहुँच कायम गर्नुपर्नेछ। चेतना र समाजिक सुधारका थुप्रै काम गर्नुपर्नेछ।शिकार खेल्न जाँदा युद्धको तयारी सहित जानुपर्छ भन्ने सुनेको थिएँ तर यथार्थमा युद्ध गर्न जाँदा शिकार खेल्ने जति श्रोत साधनबिच काम गर्नुपरेको छ। सरकारसँग सबैथोक हुन्छ र सरकारमा बस्ने सर्वशक्तिमान् हुन्छ भन्ने जनताको अपेक्षाको भारी कहिलेकाँहि बोझिलो पनि हुने देखियो।यद्यपि चालु खर्चमा कटौती गर्दै विनियोजन कुशलता कायम राख्दै जनताको आसा र भरोसा जगेर्ना गर्ने कार्य निरन्तर भइरहेको छ। यसै पृष्ठभूमि तथा समृद्ध र सुखी बेनीघाट रोराङ गाउँपालिका बनाउने सपनाको जगमा आ.व. २०८१/२०८२ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

# आर्थिक विकास

## कृषि

१. *"आर्थिक समृद्धिको आधार, कृषि तथा पशुपालन क्षेत्र विस्तार"* को नीति लिई खाद्यान्न, तरकारी, फलफूल तथा दुग्ध तथा मासुजन्य उत्पादनमा वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ।

२. ***"म गर्छु कृषि, कहि जान्न देश बिर्सी"*** भन्ने भावनाका साथ देशमै कृषि कर्म गर्न युवालाई उत्प्रेरित गरिनेछ।

३. ***"एक वडा एक उत्पादन"*** को नीति अवलम्बन गरी नगदेबाली फलफूल तथा तरकारी खेती प्रवर्धनको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. ***"बेनीघाट रोराङको शान-विषादी मुक्त खानपान"*** भन्ने नाराका साथ विषादी युक्त खाना आफू पनि नखाने र अरुलाई पनि नखुवाउने तथा रासायनिक मलको प्रयोग क्रमशः घटाउँदै प्राङ्गारिक मलको प्रयोग गरी खेती गर्न किसानलाई प्रोत्साहित गरिनेछ।

५. कोदो, फापर, कागुनो, जुनेलो, कन्दमुल जस्ता रैथाने बाली र मह, च्याउ, केरा लगायतका स्थानीय उत्पादन/सीपको बजारीकरणको लागि कोशेली घर स्थापना तथा सञ्चालनलाई प्रोत्साहित गरिनेछ।

६. सतह सिंचाइ नपुगेका ठाउँमा आकाशे पानी सञ्चित गरी कृषि बालीमा सिंचाइको लागि प्लाष्टिक पोखरी निर्माण गरिनेछ। आवश्यकतानुसार स-साना कुलो निर्माण तथा मर्मत, पोखरी निमार्ण, पाईप, थोपा सिंचाइ, स्प्रिंक्लर सिंचाइको व्यवस्था मिलाईनेछ।

७. माटो परीक्षणको आवश्यकता तथा महत्त्वबारे चेतना अभिवृद्धि गरी माटो परीक्षण सेवालाई प्रभावकारी बनाउन आवश्यकताको आधारमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। साथै माटो परीक्षण नतिजाको आधारमा माटोको गुण सुधारका लागि कृषि चूना वितरण गरिनेछ।

८. माटो तथा हावापानी अनुसार उपयुक्त फलफूलको बिरुवा उत्पादन गर्न स्थानीय समुदाय तथा कृषक समूहको सहभागितामा बहुउद्धेश्यीय कृषि नर्सरी स्थापना गरिनेछ। साथै कृषकको माग तथा स्थानीय संभावना अनुसार फलफूल खेती प्रवर्धन गर्न फलफूलको बिरुवा वितरण तथा प्रविधिक ज्ञान/सीप उपलब्ध गराइनेछ।

९. कृषकहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न तालीम/गोष्ठी/भ्रमण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

१०. ***"खेत बारीमा कृषि प्रविधिक सेवा-उत्पादनमा टेवा"*** भन्ने नारालाई आत्मसाथ गर्दै खेतबारीमा नै प्रविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

११. पालिका क्षेत्रमा नगदे बालीका रुपमा रहेको चिया, अम्रिसो, अदुवा, बेसार आदिको उत्पादन र बजार प्रर्वद्धन गर्ने नीति लिइनेछ।कफि, चिया र दाँते ओखरको संभावनाबारे थप अध्ययन/अनुसन्धान गरिनेछ।बगर खेतीलाई प्रोत्साहन गरिनेछ।

१२. कृषक समूहलाई सबल र सक्षम बनाई समूह मार्फत् सामूहिक खेती र पकेट कार्यक्रम प्रभावकारी सञ्चालन गर्नका लागि कृषि समूह लक्षित सहुलियत तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१३. कृषकको बालीमा लाग्ने रोग कीरा पहिचानको लागि बाली उपचार शिविर (Plant Clinic) सञ्चालन गरिनेछ।

१४. कृषि तालीम केन्द्र, चापटारमा फलफूल बगैंचा स्थापना गरिनेछ।

१५. अम्रिसो, कटहर, कागती, आँप, लिची तथा सुन्तला खेतीलाई थप प्रोत्साहित गरिनेछ।

१६. सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा मूल्य अभिवृद्धि गरी बजारसँग जोड्न सकिने कृषि उपजमा आधारित साना तथा मझौला उद्यमलाई प्रवर्धन गरिनेछ।

१७. चेपाङ लगायतका सिमान्तकृत समुदायमा व्याप्त कुपोषण अन्त्यको लागि करेसाबारी, तरकारी, नगदेबाली तथा फलफूल खेती प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८. उपयुक्त स्थानमा Medical Research अर्थात् औषधीय अनुसन्धान तथा गाँजामा आधारित उद्योगको लागि आवश्यक कच्चा पदार्थ उत्पादनको निमित्त गाँजाको Controlled farming को लागि आवश्यक नीतिगत व्यवस्था सहित सहजीकरण गरिनेछ। गाँजामा आधारित वस्तुको उत्पादन तथा बजारीकरणको लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ। मेडिकल अनुसन्धानको लागि विश्वविद्यालय तथा अनुसन्धान गर्ने निकायसँग सहकार्य गरिनेछ।

१९. कोदो, फापर तथा कागुनो जस्ता पोषणयुक्त रैथाने बालीको उत्पादन उपभोग र बजारीकरणमा प्रबर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछन्। राजमार्ग आसपासमा रैथाने परिकार सहितको खाजा/खाना उपलब्ध गराउनेतर्फ विशेष पहल गरिनेछ। गुणस्तरीय तथा स्वस्थकर खाजा खुवाउने होटल व्यवसायीलाई सम्मान गरिनेछ।

२०. सफल कृषक, कृषि उद्यमी तथा व्यवसायी र कृषिको प्रवर्धन गर्ने निजी क्षेत्र तथा सहकारी, बैंक तथा वित्तीय संस्थालाई सम्मान गरिनेछ।

## पशु सेवा

२१. पशुपंक्षीमा देखिने संक्रामक रोग नियन्त्रणका लागि उपचार तथा खोप कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

२२. पशुहरूको वृद्धि विकासका लागि आवश्यक पर्ने नाम्ले/जुका तथा अन्य आवश्यक औषधी वितरण तथा परामर्श सेवाको लागि पशु सेवा केन्द्र नभएको वडाहरूमा "एक दिने निःशुल्क पशु स्वास्थ्य शिविर" सञ्चालन गरिनेछ।

२३. *"Zero Human Death From Rabies By 2030 A.D."* को लक्ष्य प्राप्ति गर्न तथा रेबिजका कारण अकाल मृत्यु हुनबाट रोक्न तथा सामुदायिक कुकुरहरूको संख्या नियन्त्रण गर्न "सामुदायिक कुकुरमा रेबिज विरुद्धको खोप तथा बन्ध्याकरण/स्पेइंग शिविर" सञ्चालन गरिनेछ।

२४. पशुहरूमा उत्पादन क्षमता वृद्धि गर्नका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई पालिका भर विस्तार गरिनेछ।

२५. पशुपालनमा उत्पादन लागत घटाउन उन्नत जातका घाँसको बिउ र बेर्ना वितरण गरिनेछ।

२६. दुध र मासु उत्पादन वृद्धिको लागि व्यवसायिक फर्महरूलाई विभिन्न खालका प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

२७. पशुपालन व्यवसायलाई आधुनिकीकरण गर्नको लागि आवश्यक पर्ने विभिन्न सामान, उपकरण आदिमा अनुदान सहयोग गरिनेछ।

२८. चेपाङ समुदायलाई व्यवसायिक पशुपालनमा आकर्षित गर्न "चेपाङ समुदायको लागि बाख्रा पालन र खोर/गोठ सुधार कार्यक्रम" लोकल कुखुरा कार्यक्रम सञ्चालन गरिनेछ।

२९. हावापानी तथा बजारको मागको आधारमा माछापालन व्यवसायलाई प्रवर्धन गरी कृषकको आय आर्जनमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ।

## सहकारी

३०. सहकारी एकीकरण गर्ने कार्यक्रमलाई क्रमश आगामी आ. व. मा समेत सहजीकरण गरिनेछ। एकीकरण भएका सहकारीको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३१. सहकारीमा पारदर्शीता एवम् सुशासन कायम गर्न अडिट, प्रविधि र प्रतिवेदन प्रणाली सम्बन्धमा विशेष व्यवस्था लागू गरिनेछ।

३२. स्थानीय श्रोत/साधन सीप र पुँजीको अधिकतम परिचालन गरी गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरण गर्ने महत्त्वपूर्ण साझेदारको रुपमा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ।सहकारी क्षेत्रले समेत गाउँपालिकाले अवलम्बन गरेका आर्थिक सामाजिक नीतिलाई कार्यान्वयन गर्न सघाउ पुग्ने गरी सहकारीको सञ्चालन र व्यवस्थापन गरिनेछ। सहकारी संस्थाद्वारा आफ्ना सदस्यको हित केन्द्रित कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३३. सहकारी मार्फत् गरिबी न्यूनिकरण एवम् सामाजिक पुँजी निर्माण गर्दै सहकारीलाई सक्षम बनाई स्वरोजगार तथा रोजगारीको अवसर सृजना गरिनेछ।

३४. सहकारी संस्थासँगको लागत साझेदारीमा सहकारीमा आबद्ध गरिब विपन्न आदिवासी जनजाती तथा अपाङ्ग सदस्य लक्षित सीप विकास तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

३५. सहकारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सहकारीले आफ्नो सदस्य कर्मचारी तथा संचालक समिति र उपसमितिको क्षमता अभिवृद्धिका कार्यक्रम अनिवार्य गर्नुपर्नेछ। प्रत्येक सहकारीले क्षमता विकास कार्य योजना र संस्थागत सुशासन कार्य योजना आर्थिक वर्षको सुरुवातमा नै गाउँपालिका कार्यालयमा पेस गर्नुपर्नेछ र सोही आधारमा मासिक प्रगती प्रतिवेदन समेत पेस गर्नुपर्नेछ। सहकारी विज्ञ सहितको नियमित अनुगमन तथा नियमन कार्यलाई आगामी आ. व. मा समेत निरन्तरता दिइनेछ।

३६. दर्ता मात्र भएका तर पूर्ण रुपमा निष्कृय सहकारीको दर्ता खारेजी गरिनेछ। पालिकास्तरीय सहकारी सञ्जाल गठनको निमित्त कानूनी व्यवस्था गरिनेछ। उत्पादन, प्रशोधन र बजारीकरण तर्फ केन्द्रित सहकारीलाई कार्य सम्पादनको आधारमा प्रोत्साहित गरिनेछ। त्यस्ता सहकारीसँग गाउँपालिकाले निरन्तर साझेदारी गरी काम गर्नेछ।

३७. खेती योग्य बाँझो जग्गा उपयोग गरी सहकारी मार्फत् सामूहिक तथा व्यवसायिक खेतीलाई प्रवर्धन गरिनेछ। सहकारी व्यवसायको प्रवर्धनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

३८. स्थानीय सरकार, सहकारी र निजी क्षेत्रको सहकार्यमा सम्भाव्यता अध्ययन गरी त्रिपक्षीय वा द्वीपक्षीय साझेदारीमा परियोजना सञ्चालन गर्ने।

## पर्यटन

३९. राजमार्ग क्षेत्रमा संचालित होटलको खाना र खाजाको गुणस्तर सम्बन्धमा नियमन गरिनेछ। स्थानीय स्वाद र उत्पादनमा आधारित परिकार जस्तैः केराको मःम को स्वाद जस्ता स्वस्थकर विकल्प यात्रुलाई प्रदान गर्न होटल व्यवसायिलाई प्रोत्साहित गरिनेछ।

४०. यात्रु र पर्यटकको लागि खानाको गुणस्तर, स्वच्छता र सुपथ मूल्यमा संझौता नगर्ने व्यसायिक मूल्य मान्यता बोकेको बेनीघाट रोराङ निर्माण गरिनेछ।

४१. र्‍याफ्टिङ क्षेत्रको पुनर्जागरणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। बिमा र लाइसेन्स बिनाको राफ्टिङ व्यवसायको नियमन गरिनेछ। सबै राफ्टिङ व्यवसायीलाई कर प्रयोजनको लागि सूचिकृत हुन अनिवार्य गरिनेछ।

४२. पर्यटनलाई स्थानीय राजश्वको भरपर्दो श्रोतको रुपमा विकास गरिनेछ।

४३. बाँसपुर देखि बाँसखर्क पदमार्गको सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ। गाउँपालिकाका विभिन्न स्थानमा ***"Digital Detox को लागि हिडौं"*** भन्ने नाराकासाथ पदयात्रा कार्यक्रम आयोजना गरिनेछ।

४४. उपयुक्त स्थानको छनौट गरी ठूलो जग्गामा विभिन्न जातका फूल लगाई रोराङ/फूलबारी बनाइनेछ। मनोरञ्जन, ब्यायाम र सुटिङस्थलको रुपमा चरौदीमा Water Park को निर्माण गरिनेछ।

४५. पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न ब्रुम्दिङ पर्यटकीय गुरु योजना तयार गरिनेछ। DPR कार्यको लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ। सफल होमस्टे सञ्चालन गरेका स्थानमा अवलोकन भ्रमण तथा अन्तरकृया कार्यक्रमको आयोजना गरिनेछ। होमस्टे, स्थानीय परिकार, आतिथ्यता सम्बन्धी तालीम तथा क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिनेछ।बुद्ध पार्क निर्माण र पर्यटकीय पूर्वाधार निर्माणमा पहल गरिनेछ।

४६. पर्यटन व्यवसायीसँगको साझेदारीमा नयाँ पर्यटकीय गन्तब्यको पहिचान र विकास गर्ने नीति अवलम्बन गरिनेछ।

४७. वडा नं ७ को ऐका डाँडामा प्याराग्लाइडिङ, चैलिङ होमस्टे, मजदुर स्मृति सहिद पार्क, कार्वाङचुली, रिचोक भञ्याङ, जवाङ सुन्तला बगैंचा, सोली घोप्टे सोलाभाजा, कोटगढी, सुन्दरनागी, ब्रुसबाङ, कान्द्राङगढी, सुनधुने गुफा लगायतको पर्यटकीय क्षेत्रमा यथोचित पूर्वाधार विकास गरी पर्यटन प्रवर्धन कार्यक्रम गरिनेछ।

# सामाजिक विकास

## शिक्षा

४८. गुणस्तरीय शिक्षामा सबै वर्ग र तह विशेषगरी गरी अति विपन्न तथा सिमान्तकृत समुदायको समान पहुँच सुनिश्चित गर्न थालनी गरिएका शैक्षिक सुधारका पहललाई कायम राख्दै आगामी आ. व. २०८१/०८२ लाई ***"शैक्षिक सुधार अभियान वर्ष"*** घोषणा गरिनेछ। समता र समुन्नतिको आधार शिक्षा भएको मर्मलाई आत्मसात् गर्दै शैक्षिक सुधार अभियान अन्तर्गतका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछन्। ***"विद्यालय समुदायको भएको र सुधारको अभिभारा पनि समुदायले नै बोक्नुपर्छ"*** भन्ने बोध गराई शैक्षिक सुधारको अपनत्व र नेतृत्व- शिक्षक, समुदाय तथा अभिभावकले संयुक्त रुपमा लिने वातावरण निर्माण गरिनेछ।

४९. शैक्षिक नीतिको मूल नीतिको रुपमा रहने बेनीघाट रोराङ शिक्षा नीति तय गरिनेछ। शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न गाउँ शिक्षा नियमावली जारी गरिनेछ। शैक्षिक सुधारका लागि अबलम्बन गरिदैं आएको ८८ बुँदे मार्गचित्रलाई निरन्तरता दिइनेछ ।

५०. व्यावहारिक, व्यवसायिक र प्रविधिक सीप सहितको शिक्षामा जोड दिइनेछ।औपचारिक शिक्षाका प्रमाण पत्र बोकेका शैक्षिक बेरोजगार होइन ***"सीप बेचेर गरी खान सक्ने, श्रमको सम्मान र पसिनामा गर्व गर्ने, रोजगारी र अवसर सृजना गर्न सक्ने"*** जनशक्ति विकासको जग क्रमशः निर्माण गरिनेछ।

५१. बालबालिकाको शारीरिक मानसिक र संवेगात्मक विकासको लागि खेलकुद र अतिरिक्त क्रियाकलाप क्यालेण्डर नै बनाएर वर्षभरि आयोजना गरिनेछन्। प्रत्येक विद्यालयलमा अतिरिक्त क्रियाकलाप अनिवार्य गरिनेछ।

५२. भोक, गरिबी र अभावबिच पेटभरि खाएर पढ्न नपाउने विपन्न सीमान्तकृत, चेपाङ तथा दलित बालबालिका लक्षित गरी एकीकृत आवासीय विद्यालय सञ्चालनलाई निरन्तरता दिइनेछ। एकीकृत आवासीय विद्यालयको सञ्चालन र व्यवस्थापनमा अभिभावक र समुदायको सहभागिता र योगदानसहितको अपनत्व सुनिश्चित गरिनेछ।

५३. शिक्षक तालीम तथा क्षमता अभिवृद्धिका कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ। नवप्रवर्तनात्मक पहलकदमीद्वारा विद्यालयको व्यवस्थापन र शैक्षिक गुणस्तर सुधार गर्ने विद्यालय प्रधानाध्यपक तथा शिक्षकको सम्मान गरिनेछ। बालबालिकाको भविष्यसँग खेलवाड गरी तोकिएको जिम्मेवारीलाई न्याय नगर्ने र कार्य सम्पादनमा कमजोर देखिएका शिक्षकहरूलाई जवाफदेही बनाइनेछ।

५४. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। कानूनले वर्जित गरेका बाहेक अन्य विषय र क्षेत्रमा अभिभावकले विद्यालयलाई आर्थिक/गैर आर्थिक सहयोग नगरी सामुदायिक विद्यालय सञ्चालन तथा गुणस्तर सुधार हुन नसक्ने लगायतका अन्य विषयमा अभिभावक सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

५५. माटो र मानव अस्तित्वको अन्तरसम्बन्ध बारे बालबालिकालाई बुझाउन, दिवा खाजा र पोषणलाई प्रवर्धन गर्न विद्यालय करेसाबारी कार्यक्रम लगायत पढ्दै कमाउँदै र कमाउँदै पढ्दै कार्यक्रमलाई निरन्तरता दिइनेछ।हप्ताको एक दिन रैथाने खाद्यान्नबाट बनेका दिवा खाजा अनिवार्य गरिनेछ। सबै दिन स्थानीय उत्पादन र पौष्टिक रैथाने खाजा खुवाउने विद्यालयलाई सम्मान समेत गरिनेछ। रैथाने परिकार बनाउने पाक कलाका तालीम समेत सञ्चालन गरिनेछ।

५६. चेपाङ भाषामा पठन पाठनको लागि चेपाङ भाषाको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गरिनेछ।

५७. कक्षा ८ को पालिकास्तरीय परीक्षामा सत् प्रतिशत उत्तीर्ण हुने विद्यालयको प्र.अ, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई सम्मानित र प्रोत्साहित गरिनेछ।

५८. गाउँ शिक्षा समिति र वडा शिक्षा समितिलाई विद्यालयको नियमित अनुगमन र पृष्ठपोषणमा थप सक्रिय र जिम्मेवार बनाइनेछ।

५९. विद्यालय स्वमूल्याङ्कन पद्धतिलाई प्रत्येक विद्यालयले अनिवार्य अवलम्बन गर्नुपर्नेछ। स्वमूल्याङ्कनलाई विद्यालय ग्रेडिङको महत्त्वपूर्ण आधार मानिनेछ।

६०. गाउँपालिका भित्रका विद्यालयहरूको नक्शाङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकिकरण, कक्षा घटुवा तथा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

६१. बाल विकास कक्षाको भौतिक पूर्वाधार सुधारमा निरन्तर लगानी गरिनेछ। विद्यालयलाई मामा घर जस्तै बनाउँदै खेल, उपयुक्त शिक्षण सामग्री, संगीत र नृत्य मार्फत् बालबालिकाले खेल्दै र रमाउँदै सिक्ने वातावरण सृजना गरिनेछ। बालविकास सहजकर्तालाई बाल मनोविज्ञान संवेदनशील बनाउँदै अन्य क्षमता अभिवृद्धिका अवसर सिर्जना गरिनेछ।

६२. शैक्षिक सत्र २०८१ देखि आधारभूत तहको सबै कक्षामा स्थानीय पाठ्य तथा कार्यपुस्तक लागू गरिनेछ। प्रविधिमैत्री विद्यालयको अवधारणालाई कार्यान्वयन गरी पाठ्यपुस्तकको विद्युतीय प्रति (Electronic Copy) प्रयोग गरी डिजिटल माध्यमबाट अध्ययन/अध्यापन गराइनेछ।

६३. शिक्षकहरू बिचको शैक्षणिक अनुभव आदानप्रदान मार्फत् शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विषयगत समितिहरूलाई परिचालन गरिनेछ। आर्थिक वर्ष २०८०।८१ मा सुरुवात गरिएको शिक्षक एक्सचेञ्ज कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रविधिक विषय अध्ययन गर्ने तथा विपन्न र दलित लक्षित छात्रवृत्तिलाई निरन्तरता दिइनेछ।

६४. संस्थागत विद्यालयले प्रदान गर्दै आएको १० प्रतिशत विद्यार्थी छात्रवृत्तिलाई पालिकाको सिफारिसमा मात्र उपलब्ध गराउनुपर्ने नीति अवलम्बन गरिनेछ। शैक्षिक सुधार अभियानमा संस्थागत विद्यालयसँग समेत समान रुपमा सहकार्य गर्ने अभ्यास र परम्परालाई निरन्तरता दिइनेछ।

६५. पालिकाको आग्रहलाई स्वीकार गरी शैक्षिक वर्ष २०८१ देखि आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गराउने शिक्षक, कर्मचारी, जनप्रतिनिधि तथा राजनैतिक दलका नेतृत्वलाई सम्मान गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सचेत र आर्थिक रुपले सम्पन्न अभिभावकको रोजाई संस्थागत विद्यालय हुनुपर्दछ भनी नागरिक समाज, स्थानीय बुद्धिजीवि तथा अभियन्तालाई निरन्तर खबरदारी र आग्रह गरिनेछ।

६६. बेनीघाट रोराङ गाउँपालिकाको सामाजिक आर्थिक लगायतका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने स्नातकोत्तर तहका विद्यार्थीलाई Master's Thesis Research Grant को व्यवस्था गरिनेछ।

६७. शिक्षण पेशामा स्थानीय जनशक्ति भित्र्याउने उद्देश्य सहित शिक्षक सेवा आयोग तयारी कक्षाहरू सञ्चालन गरिनेछ।

६८. सामाजिक परिचालन, शैक्षिक सुधार, अभिभावक शिक्षा, आय आर्जन र सीप विकासमा सामुदायिक सिकाई केन्द्रलाई थप सक्रिय बनाई परिचालन गरिनेछ। आर्थिक रुपमा

आत्मनिर्भर हुन र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने गरी सक्षम बन्न सामुदायिक सिकाई केन्द्रलाई प्रेरित गर्दै क्रमशः अनिवार्य गरिनेछ।

६९. सामुदायिक विद्यालयमा विद्यार्थीको सिकाइ सहजीकरणका लागि जयवागेश्वरी बहुमुखी क्याम्पस र चन्द्रोदय बहुमुखी क्याम्पससँग समन्वय र साझेदारी गरी युवा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ। सिकाई उपलब्धी कमजोर भएका विद्यालय र समुदाय लक्षित गरी अतिरिक्त कक्षा सञ्चालन गरिनेछ। रोजगारीका अवसरसँग क्याम्पस पढ्ने विद्यार्थीलाई जोडिनेछ।

७०. प्राथमिक तहमा करार शिक्षक पदपुर्तीको लागि स्थापना भएको शिक्षक बैंकलाई आ.व २०८१/२०८२ मा समेत निरन्तरता दिइनेछ।

७१. कक्षा ८ मा गाउँपालिकास्तरीय परीक्षा सञ्चालन गरिनेछ र कक्षा ५ मा वडास्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ।

७२. लिडर विद्यालय र फिडर विद्यालयहरू बिचको सहकार्य र सञ्चारलाई थप प्रभावकारी बनाउने प्रबन्ध मिलाइनेछ।

७३. ***"बेकारबाट आविष्कार"***को नीति अवलम्बन गर्दै फोहोरलाई विद्यालय तहदेखि नै सृजनात्मक व्यवस्थापन गर्न प्रेरित गरिनेछ ।

## युवा तथा खेलकुद

७४. ***"युवामा लगानी ल्याउँछ-विकासको बिहानी"*** भन्ने नारालाई आत्मसात् गर्दै वडा स्तरीय युवा तथा खेलकुद विकास समितिलाई थप सक्रिय बनाइनेछ। गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरिनेछ। युवा सशक्तिकरणमा खेलकुदलाई सर्वाधिक प्राथमिकता दिइनेछ।

७५. स्वास्थ्य, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रवर्धन गर्न कम्तिमा एक-वडा एक-खेलकुद मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ भने सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नति गर्ने नीति लिइनेछ ।

७६. गाउँपालिकामा रहेका युवा क्लबहरूलाई सामाजिक काममा पालिकाको आर्थिक सहयोग बिना सक्रिय बनाई युवा जागरण अभियान सञ्चालन गरिनेछ ।

७७. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालय खेल सामग्री उपलब्ध गराउनुको साथै राष्ट्रपति रनिङ शिल्ड तथा पालिका स्तरीय बृहत खेलकूद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

७८. युवा मैत्री पालिका घोषणा गर्ने नीति अवलम्बन गरिनेछ ।

७९. खेलकुदलाई विद्यालय तहदेखि नै अनिवार्य बनाइनेछ। उपलब्ध श्रोत अनुसार खेलकूद शिक्षकको व्यवस्थापन समेत गरिनेछ। किशोरीहरूलाई आत्म रक्षा (Self Defense) का तालीम र क्षमता विकास गरी छोरी सुरक्षा र समतायुक्त समाज निर्माण गर्ने नीति अख्तियार गरिनेछ।

## स्वास्थ्य तथा पोषण

८०. कुपोषणको अन्त्य गरी पोषण मैत्री बेनीघाट रोराङ गाउँपालिका निर्माण गर्न कृषि, खानेपानी, सरसफाई, पशुपालन, स्वास्थ्यसँग अन्तरसम्बन्धित तथा एकीकृत कार्यक्रम तर्जुमा गरी चेपाङ र विपन्न लक्षित पोषण कार्यक्रम कार्यान्वयन गरिनेछ।

८१. कुपोषित बालबालिकालाई पोषण सुधार केन्द्रमा राखी उपचार गर्ने कार्यलाई तीव्रता दिँदै जटिलता भएका बालबालिकालाई सुविधा युक्त अस्पतालमा आर्थिक व्ययभार बिना प्रेषण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। केन्द्रमा उपचारको लागि आएका आमाहरूलाई लक्षित गरी सीप विकास, आय आर्जन र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। निर्धारित सूचक सहित कुपोषण रहित वडा घोषणा कार्यक्रम सञ्चालन गरिनेछ। कुपोषण अन्त्य गर्ने वडालाई विशेष सम्मानको कार्यक्रम सञ्चालन गरिनेछ।

८२. सामुदायिक विद्यालयमा पोषण कर्नर प्रतिस्पर्धा आयोजना गरी उत्कृष्टलाई पुरस्कृत गरिनेछ। विद्यालय परिसर वरपर जंक फुड निषेधित गर्ने नीति अवलम्बन गरिनेछ।

८३. घरमा हुने सुत्केरीलाई निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुन गर्भवती घर परिवारलाई प्रोत्साहित गर्ने र Zero Home Delivery भएको गाउँपालिका बनाउने अभियानलाई विविध कार्यक्रम मार्फत् निरन्तरता दिइनेछ।

८४. ***"बेनीघाट रोराङको कर्म-ज्येष्ठ नागरिक सेवामा धर्म"*** भन्ने मान्यता सहित ७० वर्षमाथिका ज्येष्ठ नागरिक, दीर्घ रोगी र पूर्ण अपांगहरूलाई घरदैलोमै स्वास्थ्य सेवा कार्यक्रम परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८५. स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड Minimum Service Standard को नियमित मापन तथा विश्लेषण गरिनेछ। स्वास्थ्यको जनशक्तिको क्षमता अभिवृद्धिको लागि कार्य योजना सहित तत् सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्य संस्थालाई यस बापत प्राप्त अंक समेतको आधारमा पुरस्कृत गरिनेछ।

८६. स्वास्थ्य संस्था व्यवस्थापन समिति, गुणस्तर समितिको अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८७. ज्येष्ठ नागरिकमा देखिने मोतियाबिन्दु समस्या पहिचान तथा शल्यक्रिया गरी मोतियाबिन्दु रहित गाउँपालिका बनाइनेछ।

८८. महिलामा हुने पाठेघरको मुखको क्यान्सर, पाठेघर खस्ने लगायत अन्य प्रजनन रुग्णता, ५ वर्ष मुनिका कुपोषित बालबालिकालाई हुन सक्ने टि.बि को पहिचान र उपचारको लागि विशेषज्ञ डाक्टर सहितको बृहत् स्वास्थ्य शिविर आयोजना गर्ने कार्यलाई थप प्रभावकारिता सहित निरन्तरता दिइनेछ।

८९. बेनीघाट आधारभूत अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम प्रथम सेवा केन्द्र बिन्दुको रुपमा सञ्चालन गरिनेछ।

९०. पालिकाभरिका स्वास्थ्य संस्थालाई स्रोतले भ्याएसम्म स्रोत साधन सम्पन्न बनाउँदै लगिनेछ।

९१. पोषण स्वयम् सेविकाको परिचालन, नियमित वृद्धि अनुगमन, पोषण सुधार केन्द्रको परिचालन गरी कुपोषण विरुद्धको लडाईलाई पालिकाले निरन्तरता दिनेछ। सफा र स्वच्छ खानेपानी, सरसफाई, पोषणयुक्त खाना, खोप र बालविवाह न्यूनीकरणमा केन्द्रित गरी चेपाङ समुदायमा व्याप्त कुपोषण अन्त्यको लागि अभियान सञ्चालन गरिनेछ। कुपोषित बालबालिका रहेको घर परिवारलाई सरकारी सेवा सुविधा नदिने सम्मको कठोर नीति अवलम्बन गर्न सकिनेछ।

९२. मनोसामाजिक सहायता तथा परामर्श सेवा उपलब्ध गराउन सक्ने गरी स्वास्थ्य संस्थाका जनशक्तिको क्षमता विकास गरी आत्महत्या न्यूनीकरण गरी समुदायमा मानसिक स्वास्थ्य प्रवर्धन गरिनेछ। यसका लागि योग र ध्यानलाई समेत प्राथमिकतामा राखिनेछ।

९३. परिवार नियोजन सेवालाई सबैको सर्वसुलभ पहुँचमा पुर्याउँदै सन्तानको रहर पुगी स्थायी बन्ध्याकरण गर्ने दम्पत्तीलाई नगद प्रोत्साहन गरिनेछ।

९४. ज्येष्ठ नागरिक,अति विपन्न घर परिवार र अपांगता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य बिमा गरी गाउँपालिकाको सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्दै आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुनु पर्ने अवस्थाको अन्त्य गरिनेछ।

९५. स्वास्थ्य आमा समूहको गठन, पुनर्गठन र परिचालनको लागि विशेष कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।

९६. महिला स्वास्थ्य स्वयम् सेविका कोषलाई थप व्यवस्थित गरिनेछ। सेवा अवधि तथा निश्चित मापदण्डको आधारमा मूल्याङ्कन गरी महिला स्वास्थ्य स्वयम् सेविकाको सम्मानजनक बिदाइ गरिनेछ। साथै ६० वर्ष उमेर पुगेका स्वास्थ्य स्वयम् सेविकालाई स्वास्थ्य क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै नगद सहित सम्मानजनक बिदाइ गरिनेछ।

९७. मंसिर १९ (December-5) लाई राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेविका दिवसको अवसर पारी बेनीघाट रोराङ गाउँपालिकाको स्वास्थ्य दिवसको रुपमा समेत मनाइनेछ। स्वास्थ्य

तर्फका उत्कृष्ट कर्मचारी तथा स्वास्थ्य स्वयम् सेवकलाई कार्य सम्पादनको आधारमा पुरस्कृत गरिनेछ।

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना

९८. घटना दर्ता, सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण लगायत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धित कार्यको नेतृत्व गर्ने गरी सबै वडामा कुनै एक वडा सदस्यलाई Focal Person तोकी जिम्मेवार बनाइनेछ।

९९. सुत्केरी पश्चात् प्राप्त हुने यातायात तथा अन्य सुविधाको लागि जन्मदर्ता प्रमाण पत्र अनिवार्य पेस गर्नुपर्ने नीतिगत व्यवस्थालाई निरन्तरता दिइनेछ। ३५ दिनभित्र घटना दर्ता गर्न प्रेरित गर्ने जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१००. सामाजिक भत्ता वितरणको दिन वडामा ज्येष्ठ नागरिकको लागि स्वास्थ्य तथा पोषण सम्बन्धी शिविर लगायतका अन्य कार्यक्रमहरू समेत आयोजना गरिनेछ।

## संस्कृति प्रबर्द्धन

१०१. गाउँपालिका भित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठमन्दिर, पाटी, पौवा, कुवा, पधेरो, अन्तिम दाहसंस्कार गर्ने घाट जस्ता मूर्त र अमूर्त संस्कृति र सम्पदाको जगेर्ना गरिनेछ।

१०२. कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालीम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ। ***बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठान*** स्थापना कार्यलाई अगाडि बढाइनेछ। कला, संगीत, साहित्य र पत्रकारिता पेशासँग आबद्ध व्यक्तिलाई वडाका विभिन्न स्थानमा अतिथिको रुपमा आमन्त्रण गरिनेछ। उक्त स्थानमा सँगालेका अनुभव र अनुभूतिलाई समेटेर बनेका कथा/लेख वा अन्य साहित्यिक पुस्तक वा श्रब्य/दृष्य सामग्री प्रकाशन तथा प्रसारण गरिनेछ। बेनीघाट रोराङको कथा, पात्र, जीवनशैली, कला र संगीतको दस्तावेजीकरण गरिनेछ।

१०३. त्रिशूली नदीको धार्मिक, सांस्कृतिक, पर्यटकीय एवम् पर्यावरणीय महत्त्व तथा गरिमाको सम्मान तथा कदर गर्दै कम्तिमा एउटा राष्ट्रिय स्तरको कला/ साहित्यसँग सम्बन्धित संवाद, सांस्कृतिक तथा पर्यटकीय कार्यक्रम/महोत्सव त्रिशूली नदीको किनारमा आयोजना गरिनेछ।

१०४. स्थानीय कला र गलामार्फत् सामाजिक चेतना अभिवृद्धि गरिनेछ। स्थानीय कला, संस्कृति र कलाकारको संरक्षण र प्रवर्धनको लागि विविध कार्यक्रम आयोजना गरिनेछ।यसका लागि खुला स्थान वा पार्कमा Amphitheatre सहितको प्राकृतिक फूलबारी, खुला जिम निर्माण गरिनेछ।

## रोजगार तथा उद्यम विकास

१०५. वडा तथा पालिकाले कार्यान्वयन गर्ने योजनामा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिइनेछ। योजना छनौट गर्दा सूचीकृत बेरोजगारलाई परिचालन गर्ने गरी श्रममूलक योजनालाई प्राथमिकता दिइनेछ।

१०६. गाउँपालिकाले सञ्चालन गर्ने उद्यमशीलता तथा सीप विकास तालीममा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिइनेछ।

१०७. श्रमिकको ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडाबाट बजेट विनियोजन गरी विपन्न घर परिवार लक्षित रोजगारी सृजना गर्ने र उनीहरूलाई आधारभूत आवश्यकता पुरा गर्न सक्षम बनाउने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन गरिनेछ।

१०८. बैदेशिक रोजगारीमा जान ईच्छुकको लागि श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृती कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। बैदेशिक रोजगारीमा जानेहरूको लागि जानकारीमूलक अभिमुखिकरण कार्यक्रम, सीप तालीममा सिफारिस सूचना तथा परामर्शका साथै वित्तीय साक्षरता र मनोपरामर्श सेवा प्रदान गरिनेछ।

१०९. बैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र क्षमताको परिचालन गरी आफ्नै गाउँ ठाउँमा रोजगारको अवसर सृजना गर्न प्रोत्साहित गरिनेछ। आवश्यक सीप प्रविधि र वित्तीय पहुँचको निमित्त सहजीकरण गरिनेछ।

११०. बैदेशिक रोजगारीमा गएका र फर्केका व्यक्तिको खण्डिकृत विवरण सहितको अभिलेख तयार गरिनेछ। यसैगरी गाउँपालिकाभित्र अन्य आन्तरिक रोजगारीमा संलग्न जनशक्तिको एकीकृत विवरण सहितको गाउँपालिकाको रोजगार प्रोफाइल तयार गरिनेछ।

१११. बैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशीलता तथा सामाजिक कार्यमा सक्रिय हुन प्रेरित गरिनेछ।

११२. बैदेशिक रोजगारीमा जान ईच्छुकले तोकिएको निकायबाट निश्चित अवधिको व्यवसायिक तथा सीप विकास तालीम अनिवार्य लिएको हुनुपर्नेछ। सीप परीक्षण गरी Skill Certificate लिएर मात्र बैदेशिक रोजगारीको लागि जान युवालाई प्रोत्साहित गरिनेछ।

११३. राजमार्गमा आवश्यक होटल र खाजा/खाना व्यवसायमा आवश्यक जनशक्तिलाई Housekeeping, Cooking, Waiter, Barista सम्बन्धी तालीम प्रदान गरिनेछ। न्यूनतम ५०० युवालाई व्यवसायिक तथा सीप विकास तालीम प्रदान गरी सीप परीक्षणको लागि मान्यता प्राप्त निकायसँग समन्वय गरिनेछ।

११४. उच्च संख्यामा रोजगारी दिने निजी क्षेत्रलाई विशेष सम्मान गरिनेछ। रोजगारी अभिवृद्धिको लागि बाह्य लगानीलाई प्रोत्साहित गरिनेछ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ

११५. आमा समूह लगायतका महिला समूह, बाल समूह, ईको समूहको नेतृत्व विकास र सामाजिक सशक्तिकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। आमा समूहको लेखापरीक्षण तथा नवीकरणको लागि सहायता प्रदान गरिनेछ। सामाजिक कुरिति घरेलु हिंसा, बाल विवाह, मादक पदार्थ दुर्व्यसनी विरुद्ध सामाजिक सचेतना फैलाउने र त्यस्ता समस्याको समुदायस्तरमै न्यूनीकरणको लागि जसको सवाल उसकै नेतृत्वको मर्म बमोजिम कार्य सम्पादन गरिनेछ। चेपाङ उत्थान कार्यक्रमको अभिन्न हिस्साको रुपमा स्थानीय संगठित महिला समूह तथा आमा समूहसँग गाउँपालिकाले सहकार्य गर्नेछ।

११६. महिला उद्यमशीलता कार्यक्रमलाई थप प्रभावकारीताका साथ कार्यान्वयन गरिनेछ। घरेलु तथा लघु उद्यम, कृषि तथा पशुपालन मार्फत् आय आर्जनको अवसर वृद्धि गरी महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ। द्वन्द्व पीडित तथा एकल महिला लक्षित आय आर्जनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

११७. ***अध्यक्षसँग बालबालिका*** कार्यक्रम सञ्चालन गरी चौमासिक रुपमा बालबालिका र जनप्रतिनिधि बिच समसामयिक विषयमा छलफल र संवादको मञ्चलाई कृयाशील बनाइनेछ।

११८. बालमैत्री स्थानीय तह घोषणा सम्बन्धमा कार्य योजना तर्जुमा गरी कार्यक्रम तय गरिनेछ।

११९. घरेलु हिंसा न्यूनीकरणको र हिंसा पीडित महिलाको संरक्षण तथा सामाजिक पुनः स्थापनाको लागि विशेष पहल तथा कार्यक्रम तर्जुमा गरिनेछ।

१२०. अपांग लक्षित आय आर्जन, सुधारात्मक शल्यक्रिया, सहायता सामग्री वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ। "ग" र "घ" वर्गका अपांगता भएका व्यक्तिलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. गाउँपालिकाको कार्यालय, बेनीघाट आधारभूत अस्पताल तथा सेवाको लागि चाप हुने स्वास्थ्य संस्थामा स्तनपान कक्षको व्यवस्था गरिनेछ।

१२२. लैगिक हिंसा निवारण कोषको परिचालन गरिनेछ। किशोरीमा आत्म रक्षा Self Defense सीप विकास गरिनेछ। समता,लैंगिक विभेद, लैंगिक हिंसा न्यूनीकरण, महिलाको सम्मान, घरायसी तथा बच्चाको स्याहार सुसारमा बाबुको भूमिका लगायतका विषयमा किशोरहरूलाई विद्यालय तहदेखि नै अभिमुखीकरण गरी समतामूलक समाजको आधार निर्माण गरिनेछ। सबै किसिमका जनचेतनामूलक कार्यक्रममा स्थानीय कला र संगीतलाई सशक्त माध्यम बनाइनेछ।

१२३. ज्येष्ठ नागरिक सम्मान र घर भेट, ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य शिविर जस्ता कार्यक्रम मार्फत् ज्येष्ठ नागरिकलाई सम्मानित र संरक्षित महसुस गराइनेछ। ज्येष्ठ नागरिक मैत्री विकास निर्माण कार्य गरिनेछ।

१२४. एकल महिला र दलित लक्षित आय आर्जन, सीप विकास र उद्यमशीलता प्रवर्धन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२५. अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

## खानेपानी सरसफाई तथा स्वच्छता तर्फ

१२६. बेनीघाट रोराङ ग्रामीण खानेपानी बोर्डको संस्थागत सुदृढिकरण गरी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सम्पूर्ण सेवाहरू बोर्डमार्फत् नै एकद्वारा प्रणालीको नीति बमोजिम योजना कार्यान्वयन, कार्यक्रम सञ्चालन, मर्मत, संभारका साथै अनुगमन र नियमन समेत गरिनेछ।

१२७. खानेपानी सरसफाई तथा स्वच्छता योजना (Wash Plan) लाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याइनेछ।

१२८. फोहोरमैला व्यवस्थापनमा अहम् हिस्साको रुपमा टोल विकास संस्था/समिति तथा बजार बिकास समितिको गठन तथा परिचालन गरिनेछ।फोहोर व्यवस्थापनमा निजी क्षेत्रसँग समेत साझेदारी गरिनेछ।

१२९. ***फोहोर गर्नेले तिर्ने*** नीति अनुरुप फोहोरको प्रकृति र परिमाण अनुसार सेवा शुल्कको व्यवस्था गरिनेछ।फोहोर व्यवस्थापनको समग्र पक्ष समेटी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१३०. खानेपानी, सरसफाई र स्वच्छता बहुपक्षीय, बहुसरोकारको अन्तरसम्बन्धित क्षेत्र भएकोले उपभोक्ता, आम नागरिक, वन कार्यालय लगायतका अन्य सरोकारवालाहरूसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गरिनेछ।

१३१. बोर्डलाई आर्थिक रुपमा दिगो र आत्मनिर्भर बनाउन प्राकृतिक पानी प्रशोधन केन्द्र सञ्चालनको लागि आर्थिक तथा प्रविधि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

१३२. भूकम्प बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपहरूबाट हुन सक्ने क्षतिको जोखिम न्यूनीकरणको लागि खानेपानी बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३३. खानेपानीको सर्वसुलभ उपलब्धता र स्वच्छ खानेपानीमा दिगो पहुँच स्थापित गर्न अन्य बहुस्रोत (Multiple Source) र सौर्य पम्प रिचार्जको लागि पोखरी ताल जस्ता बहुप्रविधि (Multiple Technology) को प्रयोग गरिनेछ।

१३४. लागत र लाभको दृष्टिले प्रभावग्राही अत्याधुनिक आकाशे पानी संकलनको प्रविधि प्रयोग गरी जमिनको सतह मुनिको पानी रिचार्ज गरिनेछ। संकलित आकाशे पानीलाई प्रशोधन गरी खानेपानी लगायत अन्य घरायसी प्रयोजनको लागि प्रयोग गरिनेछ। गाउँपालिका

भवनमा आकाशे पानी संकलन गरी निजी घर, होटल व्यवसायमा आकाशे पानी संकलनको प्रविधि जडानको निमित्त प्रोत्साहित गरिनेछ।

१३५. एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

१३६. खानेपानी प्रयोग सम्बन्धी उपभोक्ता केन्द्रित चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३७. गाउँपालिकाभित्र रहेका खानेपानी मुहानहरू पहिचान तथा खोजी कार्य अभियानको रुपमा सञ्चालन गरी मुहानको सामूहिक अधिकार प्रयोगका लागि नीतिगत व्यवस्था गरिनेछ।

१३८. खानेपानी सुविधाबाट वञ्चित समुदायमा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड बमोजिमको स्वच्छ खानेपानीको पहुँचलाई पहिलो प्राथमिकतामा राखिनेछ। ***एक घर-एक मिटर*** सहितको धारा निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१३९. पानीको गुणस्तर परीक्षण प्रयोगशालाको प्रभावकारी सञ्चालन गरी पानीबाट उत्पन्न हुने रोगको रोकथाम गरी गुणस्तरीय र स्वच्छ पानीको पहुँच विस्तार गरिनेछ। साना-ठूला सबै खानेपानी आयोजना सञ्चालन पूर्व खानेपानीको गुणस्तर परीक्षण अनिवार्य गरिनेछ।

१४०. साझेदार निकायसँगको सहयोगमा प्रयोग हुँदै आएको मोबाइल एपबाट पानी खोल्न र बन्द गर्न मिल्ने लगायतको स्मार्ट प्रविधिको प्रयोगलाई निरन्तरता दिइनेछ।

## पूर्वाधार विकास तर्फ

१४१. ठूला योजनालाई प्राथमिकता दिइनेछ। *एक वडा-एक गौरव*को योजनाको नीति अनुरुप भौतिक पूर्वाधारको योजना छनौट तथा निर्माण गरिनेछ।

१४२. टोल विकास संस्थाको गठन अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गरी टोल विकास संस्थालाई भौतिक तथा सामाजिक विकासको एक अभिन्न हिस्साको रुपमा विकास गरिनेछ। प्रत्येक वडामा टोल विकास संस्थामार्फत् योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

१४३. मन्दिर चर्च लगायतका धार्मिक संरचना निर्माणको लागि स्थानीय निर्माण सामग्री मात्र प्रयोग गरी योजना कार्यान्वयन गरिनेछ।

१४४. स्थानीय स्तरमा पाइने ढुंगा माटोको प्रयोग गरी घर निर्माण गर्न समेत नक्सा पासलाई अनिवार्य गरिनेछ। त्यस्ता घरको निःशुल्क नक्सा पास गरिनेछ। यस कार्यले भू-कम्प प्रतिरोधी घर बनाउन विपन्न आय भएका घर परिवारलाई प्रोत्साहन गर्नेछ। आवश्यकतानुसार निःशुल्क प्रविधिक सेवा समेत उपलब्ध गराइनेछ। स्थानीय निर्माण श्रमिक तथा डकर्मीको क्षमता अभिवृद्धि तालीम सञ्चालन तथा सीप परीक्षणको व्यवस्था मिलाइनेछ। त्यस्ता सीपयुक्त जनशक्तिलाई वडामा सूचिकृत गरिनेछ।

१४५. पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारीलाई प्राथमिकता दिइनेछ।

१४६. निर्मित पूर्वाधारको नियमति मर्मत संभार सञ्चालन संरक्षण गर्न मर्मत सुधार कोषको व्यवस्था गरी सोही कोषको परिचालन मार्फत् कार्य सञ्चालन गरिनेछ।

१४७. वडा नं २ को कलंगालाई ***साम्यवाद उन्मुख नमूना गाउँको*** रुपमा स्थानीय समुदायको नेतृत्वमा विकास गरिनेछ।

१४८. गर्भवती रहेका वडा अवरुद्ध भई बच्चा र गर्भवती आमाको अकालमा मृत्यु नहोस् भनी त्यस्ता वडामा वर्षैभरी यातायात आवागमन सुचारु हुने गरी सडक मर्मत सुधारको कार्यलाई प्राथिमकताकासाथ निरन्तरता दिइनेछ।

१४९. फिल्डमा खटिने प्रविधिक कर्मचारीको लागि बिमा तथा क्षमता अभिवृद्धिका लागि विविध अवसर प्रदान गरिनेछ।

## गैरसरकारी संस्था

१५०. गैरसरकारी संस्थालाई गाउँपालिकासँगको समन्वय बिना कार्यक्रम सञ्चालन गर्न निषेध गरिनेछ। गै.स.स ले गाउँपालिकाले तोकेको प्राथमिकता क्षेत्रमा मात्र लगानी गर्नुपर्नेछ। गै.स.स ले कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रमलाई सहयोग पुग्ने कार्यक्रमलाई मात्र प्राथमिकता दिनुपर्नेछ।वितरणमुखी कार्यक्रमलाई निरुत्साहित गरिनेछ।

१५१. बालबालिका र समुदायको मर्यादा भंग हुने गरी गरिबीलाई प्रचार-प्रसार सामग्री बनाउन वर्जित गरिनेछ।

## वन वातावरण तथा विपद व्यवस्थापन

१५२. आ. व. २०८१/८२ लाई ***हरित-वर्ष***को रुपमा मनाइनेछ। गाउँपालिकाभर २० हजार वृक्षरोपण गरी संरक्षण गरिनेछ। देव वृक्ष (वर, पिपल, शमी, सीता, अशोक र चिउरी) को संरक्षण तथा थप नयाँ बिरुवाको वृक्षरोपण गरिनेछ।

१५३. बागमती प्रदेश सरकारसँगको सहकार्य र लागत साझेदारीमा चिउरी संरक्षण र प्रवर्धनका विविध कार्यक्रम कार्यान्वयन गरिनेछ। चमेरोलाई गाउँपालिकाको संरक्षित पंक्षी घोषणा गरी चमेरो शिकारलाई निषेध गरिनेछ।

१५४. सडकको नयाँ ट्र्याक खोल्ने, ग्रामीण तथा कृषि सडकको मर्मत गर्ने लगायतका भौतिक पूर्वाधार विकासको अभिन्न अंगको रुपमा Bioengineering लाई अवलम्बन गर्ने नीति लिइनेछ। अम्रिसो, कास, बाँस, निगालो लगायतको रोपण गरी भू-क्षय नियन्त्रण गर्न पहल गरिनेछ। एकीकृत जलाधार व्यवस्थापनको कार्यक्रम सञ्चालन गरिनेछ। पूर्वाधारका कार्यमा थप १ प्रतिशत रकम कट्टा गरी हरित कोष परिचालन मार्फत् वातावरण संरक्षण कार्यमा खर्च गरिनेछ।यसका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

१५५. ***"एक टोल एक चौतारी-बेनीघाट रोराङ सबैको फूलबारी"*** भन्ने नारालाई आत्मसात् गर्दै हरेक टोल टोलमा स्थानीय निर्माण सामग्रीको प्रयोग गरी चिउरी चौतारो निर्माण गरिनेछ।

१५६. वर्षमा कम्तिमा एउटा पालिकास्तरीय र एउटा वडास्तरीय सामुदायिक वन र कबुलियती वनको भेला गरिनेछ।सामुदायिक कबुलियति वन समूहहरूको क्षमता अभिवृद्धि संस्थागत विकास गरी वन व्यवस्थापनमा सहजीकरण गरिनेछ।निजी वनको विस्तार र विकासको लागि सहजीकरण गरिनेछ।

१५७. सामुदायिक वनसँगको सहकार्यमा पर्या पर्यटन सम्बन्धी कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१५८. माध्यमिक तहका सबै विद्यालयमा ईको क्लब, बाल क्लब गठन गरी तथा सक्रिय बनाई वन तथा वातावरण संरक्षणका क्षेत्रमा गाउँपालिकाले लिने पहलकदमीमा बालबालिकालाई समेत सहभागी गराउने नीति लिइनेछ।

१५९. गाउँपालिकास्तरीय विपद व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। आगलागी, बाढी, पहिरो, सडक दुर्घटना रोकथाम तथा न्यूनीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१६०. खानेपानीको मूल संरक्षण खडेरी र डढेलो नियन्त्रणको निमित्त रिचार्ज पोखरी निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। पानीको अभाव भएका ठाउँमा वर्षाको पानी संकलन गरी खानेपानी र अन्य घरायसी प्रयोजनको लागि प्रयोग गर्ने प्रविधि अवलम्बन गरिनेछ।

## ऊर्जा, विद्युत र सञ्चार

१६१. नेपाल टेलिकमसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा भरपर्दो र गुणस्तरीय मोबाइल फोन तथा इन्टरनेट सेवा विस्तारको लागि पहल गरिनेछ।

१६२. गाउँपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेट सेवाको विस्तार गरी दैनिक प्रशासनिक कार्यलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ।

१६३. नियमित र भरपर्दो विद्युत सेवाको लागि आवश्यक पहल गरिनेछ। वैकल्पिक ऊर्जाको श्रोत तथा ब्याकअपको लागि सौर्य ऊर्जाको प्रयोग गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

१६४. बेरुजु शुन्य गाउँपालिकाको साख कायम गर्ने गरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाई आन्तरिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, गुनासो सुनुवाइ, अनुगमन तथा मूल्याङ्कन प्रणालीको समयानुकुल परिमार्जन तथा संशोधनका साथै नतिजामा आधारित प्रतिवेदन प्रणालीको विकास गरिनेछ।

१६५. निश्चत मापदण्डको आधारमा कार्यसम्पादन मूल्याङ्कन पद्धतिको अवलम्बन गरिनेछ। साथै कार्य सम्पादनमा आधारित दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ। कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासको निमित्त विविध तालीम, अन्तरक्रिया, कार्यशाला सञ्चालनलाई निरन्तरता दिइनेछ।

१६६. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादनका लक्ष्य र प्रतिबद्धता किटान गरी कार्य सम्पादन सम्झौता गरिनेछ। कर्मचारीलाई कार्य जिम्मेवारी सहितको कार्य विवरण दिइनेछ।

१६७. ***काममा कुशलता, सामूहिक कार्य र एकता, कर्तव्यप्रति निष्ठा-बेनीघाट रोराङको मूल्य मान्यता*** लाई आत्मसात् गरी कर्मचारीले विशिष्ट कार्य संस्कार एवम् कार्यस्थल संस्कृतिको प्रदर्शन गर्नुपर्नेछ। यसको प्रतिबिम्ब कार्य सम्पादन एवम् सेवा प्रवाहमा देखिनेछ।

१६८. कार्यपालिका तथा बिषयगत समितिका बैठकलाई नियमित तथा व्यवस्थित बनाइनेछ। तोकिएको मितिमा नियमित मासिक कर्मचारी बैठक बसी अघिल्लो महिनाको कार्य प्रगति र चालु महिनाको कार्य योजनाको छलफलबाट कार्य सम्पादनलाई थप परिस्कृत बनाइनेछ।

१६९. वडामा एकीकृत घुम्ती शिविर मार्फत् उपभोक्ता समितिसँग सम्झौता, व्यवसाय दर्ता, अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण, कृषि तथा पशु प्रविधिक सेवा, स्वास्थ्य सेवा लगायतका सेवाहरू जनताको घर आँगनमा पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

१७०. नागरिकमा ***"जनताले तिरेको कर वापतको रकम जनताकै विकासमा"*** भन्ने भावनाको विकास गराई आन्तरिक आम्दानी र स्रोतहरूको खोजी तथा परिचालन गरी राजश्व संकलनको दायरा विस्तार गरिनेछ। कर सचेतनाका विविध कार्यक्रम तथा अन्तरकृया आयोजना गरिनेछ।

१७१. जनताको सूचनाको हकलाई उच्च प्राथमिकता राखी गाउँपालिका सम्बन्धी सूचना, सम्पादित कार्यहरू लगायतका सार्वजनिक सरोकारका सूचनामा सबैको सर्वसुलभ पहुँच हुनुपर्छ भन्ने मान्यता तथा कानूनी व्यवस्था बमोजिम नियमित स्वःप्रकाशनलाई गरिनेछ।

१७२. गाउँपालिका तथा मातहतका निकायबाट सम्पादित कार्य तथा असल अभ्यासलाई सामाजिक सन्जाल, वेभसाईट, बुलेटिन, सूचनापाटी मार्फत् सार्वजनिक गरिनेछ।

१७३. कार्यालयमा आउने सेवाग्राहीको सहायताको लागि सहायता कक्ष, पानी, शौचालयको प्रबन्ध गरी स्तनपान कक्षको स्थापनाका साथै जनताको गुनासाहरूलाई सम्बोधन गर्न यथोचित व्यवस्था गरिनेछ। नव निर्मित प्रशासकीय भवनमा कार्यालय सञ्चालनका लागि आवश्यक अन्य पूर्वाधार तथा आवश्यकताको व्यवस्थापन गरी नमूना गाउँपालिकाको कार्यालय बनाइनेछ।

१७४. विकास निर्माण तथा आर्थिक विकासमा साझेदारी तथा सहकार्य गर्ने गाउँपालिकाको अभ्यास बमोजिम विभिन्न सामाजिक संघसंस्थाको साथ र सहयोगमा श्रोतको खोजी तथा परिचालन गरिनेछ।

१७५. बेनीघाट रोराङका देश तथा विदेशमा रहेका जनताले व्यक्तिगत रुपमा आफ्ना पितृका सम्झनामा, विदेशमा रहेका आफन्तजनको सुख शान्तिको निमित्त वा अन्य कुनै सामाजिक भावले प्रेरित भई सामाजिक उपयोगका संरचना जस्तैः- प्रतिक्षालय, चौतारो, सार्वजनिक पार्टी पौवा, धारा निर्माण गर्न ईच्छुक भएमा त्यस्ता योजनाका लागि आर्थिक योगदान गर्न सक्नेछन्। उक्त योजनाको कार्यान्वयन गाउँपालिकाले वडा मार्फत् गर्नेछ।यसका लागि सार्वजनिक सूचना आह्वान गरिनेछ।

१७६. योजनाको सञ्चालनमा टोल विकास संस्थालाई परिचालन गरिनेछ। प्रत्येक टोलमा सार्वजनिक शौचालय, खुल्ला व्यायमशाला तथा घर घरमा फूलबारी निर्माण लगायत अन्य सामाजिक परिचालन र सामाजिक कार्यमा आमा समूह, टोल विकास संस्था, युवा क्लब जस्ता संगठित सामाजिक संस्थालाई केन्द्रिय भूमिका प्रदान गरिनेछ।

१७७. इन्टरनेट सेवामा समुदायको पहुँच विस्तारको लागि आवश्यक पहल गरिनेछ। गाउँपालिकाको कार्यालयबाट सेवा लिँदा लाग्ने समय र लागत कटौतीका लागि प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिइनेछ।

## गाउँपालिकाका सदस्यज्यूहरू

असल आचरण, कुशल प्रशासन र सुशासन मार्फत् जनतासँग हामीले गरेका वाचा पुरा गर्न तथा आफ्ना मत मार्फत् जनताले हामीमाथि व्यक्त गरेका विश्वासलाई अटल राख्न कटिबद्ध छौं। स्थानीय सरकार सञ्चालनको नेतृत्व गर्ने यस अवसरलाई मैले नाफामा पाएको जिन्दगीको सदुपयोगको रुपमा लिएको छु। यो भूमिकालाई मैले मेरो व्यक्तिगत अभिष्ट र स्वार्थभन्दा धेरै माथि राखेको छु।कार्यकालको अन्त्य सम्ममा शुन्य बेरुजु भएको पालिका बनाउँछु भन्ने लक्ष्यलाई दोस्रो वर्षमै पुरा गर्न सफल भएको छु।

म र मैले नेतृत्व गरेको कार्यपालिका बेनीघाट रोराङ बासी सम्पूर्ण आमा बुवा दाजु भाई दिदी बहिनीको दुःख सुखमा हर्दम साथमा छ। आफ्नो कर्तव्यमा भोक, निद्रा र दिन रात नभनी अहोरात्र खटिएका छौं र निरन्तर यसैगरी लागिपर्ने छौं।

पेस गरिएको नीति तथा कार्यक्रमले आगामी बजेटलाई निर्देशित गर्नेछ। नीति तथा कार्यक्रम र बजेटमा अन्तर आबद्धता र उचित संयोजन हुनुपर्छ भन्नेमा हामी प्रष्ट छौं।। यस आ. व. को नीति तथा कार्यक्रमले जनताको सबै आवश्यकता र चाहना सम्बोधन त गर्न नसक्ला तर मलाई विश्वास अनि भरोसा छ- यसले हाम्रो दीगो विकासको लक्ष्य अनुरुप सीमित श्रोत साधनको अधिकतम परिचालन गरी स्थानीय विकास र सुशासनमा उल्लेखनीय भूमिका खेल्नेछ। यस नीति कार्यक्रमको मस्यौदा तर्जुमा कार्यमा सक्रिय आदरणीय उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडाध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू लगायत सम्पूर्ण बेनीघाट रोराङका राष्ट्र सेवक कर्मचारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै नीति तर्जुमा प्रकृयामा आफ्नो अमूल्य राय सल्लाह सुझाव दिई मार्गनिर्देशित गर्नुहुने राजनीतिक दल, बुद्धिजीवि, नागरिक समाज, सरोकारवाला, संचारकर्मी साथीहरू लगायत सम्पूर्ण आम बेनीघाट रोराङ बासीमा कृतज्ञता व्यक्त गर्न चाहन्छु।

**धन्यवाद !**